# विपद व्यवस्थापन तथा सामाजिक सुरक्षा राहत कोष कार्यविधि, २०७५

स्वीकृत मिति : २०७५।०९।०८

**प्रस्तावना :**

खप्तडछान्ना गाउँपालिकामा विपद एवं प्राकृतिक प्रकोपमा परी धनजनको क्षति व्यहोर्न परेका व्यक्ति वा परिवारलाई समयमै क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन वाञ्छनीय भएकाले,
खप्तडछान्ना गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी खप्तडछान्ना गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "**विपद व्यवस्थापन तथा सामाजिक सुरक्षा राहत कोष कार्यविधि, २०७५**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको "**विपद व्यवस्थापन तथा सामाजिक सुरक्षा राहत कोष**" सम्झनु पर्छ ।

३. **कोषको स्थापना** : (१) विपद व्यवस्थापन तथा सामाजिक सुरक्षा राहत कोष नामको एक कोषको स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ।

(क) गाउँसभाबाट वार्षिक रुपमा विनियोजित रकम,

(ख) गाउँ कार्यपालिकाबाट प्राप्त रकम,

(ख) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कोषलाई आवर्ति कोष (रिभल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गर्न सकिनेछ ।

४. **कोषको प्रयोग** : (१) कोषमा जम्मा भएको रकम देहायबमोजिमको कार्यमा खर्च खरिनेछ :-

(क) गम्भीर विरामी भई औषधोपचार गराउन नसक्ने अवस्थाका राष्ट्रिय वा स्थानीय ख्याती प्राप्त व्यक्तिको औषधोपचारमा सहयोग गर्ने ।

(ख) आर्थिक अवस्था दयनीय भएका व्यक्ति विरामी परी औषधोपचारका लागि अस्पताल ल्याउँदा र अस्पतालबाट लैजाँदा सहयोग गर्ने ।

(ग) दैवी प्रकोप वा प्राकृतिक प्रकोप वा दुर्घटनामा पर्नेहरुलाई उद्दार गर्न तथा यस्ता प्रकारका विपदबाट व्यक्ति वा परिवारमा हुन गएको धनजनको क्षतिपूर्तिवापत आर्थिक राहत उपलब्ध गराउने ।

(घ) दैवी प्रकोप वा प्राकृतिक प्रकोपको कारणबाट घाइते भएकाहरुको औषधोपचार गर्न तथा देहावसान भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि मृतकका आफन्तलाई आर्थिक सहायता उपलब्ध गराउने ।

(ङ) कमजोर आर्थिक अवस्था भएकालाई आर्थिक सहयोग उपलब्ध गराउने ।

(च) प्राकृतिक प्रकोपमा परेका धनजनको समयमै खोज तथा उद्दार गर्न सामाग्री,औजार,उपकरण खरिद गर्ने ।

(छ) बाढी,पहिरो,आगजनी,नदि कटान भुकम्प जस्ता प्राकृतिक प्रकोपमा परेका जनतालाई राहात सामाग्री खरिद गरी वितरण गर्ने

आर्थिक तथा सामाजिक उत्थान गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएका संघ-संस्थाहरुलाई कुनै विशेष कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने ।

(२) उपदफा (१) बमोजिमको कोषबाट खर्च गरिने सहयोग रकम गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. **कोषको रकम उपलब्ध** : दफा ४ बमोजिमको आर्थिक सहयोगको रकम गाउँ कार्यपालिकाले तोकेबमोजिम कार्यालयले उपलब्ध गराउनेछ ।

६. **कोष व्यवस्था र सञ्चालन** : (१) यस नियमावली बमोजिम कोषको नाममा प्राप्त हुन आउने रकमलाई राष्ट्रिय वाणिज्य बैंकमा एउटा छुट्टै खाता खोलिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र लेखापालको संयुक्त दस्तखतबाट हुनेछ ।

७. **लेखा तथा लेखा परीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।